Regd.No.293717/78/079

Om Megashree
-PHARMACEUTICALS-
your health, our concern

OM MEGASHREE PHARMACEUTICALS LIMITED
Corporate Office: Lakhe Chaur Marg, Thapagau,
New Baneshwor-10, Kathmandu, Nepal
Factory: Jugedi, Bharatpur Metropolitan City-29, Chitwan, Nepal
Telephone: 01-5244310

मिति : २०८२।०२।०६

च.नं. : ६७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्ति मार्ग, भद्रकाली-काठमाडौँ
नेपाल।

**विषय : नवौं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) सम्बन्धमा।**

महोदय,

प्रस्तुत सन्दर्भमा यस कम्पनीको सञ्चालक समितिको मिति २०८२।०२।०६ गते मङ्गलबार बेलुकी ५ बजे बसेको बैठकको निर्णयबमोजिम नवौं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) निम्न लिखित मिति, समय र स्थानमा बस्ने तथा रहने निर्णय भएको व्यहोरा तहाँ कार्यालय समक्ष जानकारीका लागि अनुरोध छ।

**नवौं वार्षिक साधारण सभा:**

मिति: २०८२ साल असार ६ गते शुक्रबार तद्अनुसार २० जुन २०२५

स्थान: भरतपुर महानगरपालिका वडा नं. २९ जुगेडी, चितवन (उद्योग परिसर)

समय: बिहानको ११ बजे

**शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close):**

मिति:२०८२।०२।२० (तद्अनुसार ०३ जुन २०२५) गते १ दिनका लागि।

साथै शेयरधनी तथा सर्वसाधारणहरूको जानकारीका लागि उक्त साधारण सभासम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक प्रकाशित गरिने छ तथा सोको जानकारी कम्पनीको आधिकारिक वेभ साइट www.ommegashreepharmaceuticals.com/ मा राखिने व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ।

**संलग्न कागजात**

१. नवौं वार्षिक साधारण सभाको सूचना।

Om Megashree Pharmaceuticals Limited, Kathmandu, Nepal

.............
**भवदीय**
अध्यक्ष

**बोधार्थ**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतली सडक, काठमाडौं।
श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।
श्री आन्तरिक राजश्व विभाग, नयाँ बानेश्वर, काठमाडौं।
श्री औषधि व्यवस्था विभाग, बिजुली बजार, काठमाडौं।

# ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड

Om Megashree Pharmaceuticals Limited

Om Megashree -Pharmaceuticals- your health, our concern

रजिस्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालिका, वडा नं. १०, नयाँ बानेश्वर काठमाण्डौं, नेपाल
फोन नं.: ०१-५२४४३१० इमेल : info@ommegashreepharmaceuticals.com
वेबसाइट: www.ommegashreepharmaceuticals.com


## वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०२/०८)*

आदरणीय शेयरधनी महानुभावहरू,

यस ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको मिति २०८२।०२।०६ गते मङ्गलबार बेलुका ५:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८०।८१ को **९ औं वार्षिक साधारण सभा तथा सञ्चालक निर्वाचन** निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**(क) वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:**

मिति: २०८२ साल असार ६ गते शुक्रबार (तद्अनुसार २० जुन २०२५)।

समय: बिहान ११ बजे।

स्थान: भरतपुर महानगरपालिका वडा न. २९ जुगेडी, चितवन (उद्योग परिसर)

**(ख) छलफलका विषयहरू:**

**(अ) साधारण प्रस्तावहरू:**

१. वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा।

२. लेखापरीक्षकको प्रतिवेदनसहित कम्पनीको आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरूसहितको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

४. सञ्चालक समिति गठन गर्ने सम्बन्धमा।

५. विविध।

**(आ) विशेष प्रस्तावहरू:**

१. प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा।

२. सञ्चालकको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा निर्धारण गर्ने सम्बन्धमा।

३. वार्षिक साधारण सभाले गरेको संशोधनको सम्बन्धमा नियामक निकायबाट कुनै संशोधन वा हेरफेर गर्न निर्देशन दिएको खण्डमा सोबमोजिम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**(इ) सञ्चालक निर्वाचन कार्यक्रम:**

१. सर्वसाधारण समूहबाट २ जना सञ्चालक निर्वाचन गर्ने सम्बन्धमा।

## वार्षिक साधारण सभासम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा तथा सञ्चालक निर्वाचन प्रयोजनका लागि २०८२।०२।२० (तद्अनुसार ०३ जुन २०२५) गते १ दिन शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो मितिभन्दा अघिल्लो दिन अर्थात् २०८२।०२।१९ (तदनुसार ०२ जुन २०२५) गतेसम्म कारोबार भई नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा शेयर नामसारी भएका शेयरधनीहरूले मात्र यस साधारण सभामा सहभागी हुन योग्य हुने छन्।

२. साधारण सभा तथा सञ्चालक निर्वाचनमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा हितग्राही नं. तथा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरूले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन बिहान ९:०० बजेदेखि ११:०० बजेसम्म खुला गरिने छ।

४. साधारण सभा तथा सञ्चालक निर्वाचन कार्यक्रममा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौँ महानगरपालिका-१०, नयाँ बानेश्वरमा दर्ता गराई सक्नुपर्ने छ। कम्पनीको शेयरधनीबाहेक अरूलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी सबै बदर हुने छन्।

५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्रसहित प्रोक्सी फारम कम्पनीको रजिष्टर्ड कार्यालयमा सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ।

६. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ।

७. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छ।

८. नाबालक वा मानसिक सन्तुलन ठिक नरहेको शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भइसकेका महानुभावहरूले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।

९. सङ्गठित संस्थाका शेयरधनी भएमा त्यस्ता सङ्गठित संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फारममा संस्थाको छाप, आधिकारिक व्यक्तिको दस्तखत र सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि हुनुपर्ने छ।

१०. शेयरधनी महानुभावहरूले छलफलका विषयहरूमध्ये विविध शीर्षकअन्तर्गत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूले छलफलका व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनुभन्दा कम्तीमा सात दिन अगावै कम्पनी सचिवमार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रूपमा जानकारी दिनुहुन अनुरोध छ।

११. शेयरधनी महानुभावहरूले राखेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजबाट तोकिएको प्रतिनिधिबाट जवाफ दिइने छ।

१२. सञ्चालक निर्वाचन गर्ने प्रयोजनका लागि कम्पनीको सञ्चालक निर्वाचन निर्देशिकाबमोजिम सञ्चालक समितिबाट नियुक्त निर्वाचन अधिकृतबाट निर्वाचनसम्बन्धी विस्तृत कार्यतालिका पछि प्रकाशन गरिने छ।

१३. सञ्चालक निर्वाचनमा उम्मेदवार हुन इच्छुक शेयरधनी महानुभावको नाम तथा शेयर सङ्ख्या कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेडले कम्पनीलाई उपलब्ध गराएको मतादाता नामावलीमा समावेश भएको हुनुपर्ने छ।

१४. वार्षिक साधारण सभासम्बन्धी वार्षिक प्रतिवेदन, वार्षिक वित्तीय विवरण तथा थप अन्य जानकारी आवश्यक परेमा कम्पनीको आधिकारिक वेभ साइट **www.ommegashreepharmaceuticals.com** मा हेर्न सकिने छ।

**सञ्चालक समितिको आज्ञाले**

★ Om Megashree Pharmaceuticals Limited ★ Kathmandu, Nepal